

# सिंचाइ गतिविधि

वर्ष २५ अंक १ (पूर्णाङ्क ८१) www.doi.gov.np श्रावण–कार्तिक २०७४

## समाचार

### सिंचाइ मन्त्रालयमा नयाँ मन्त्री



२०७४ श्रावण ९ गते शितल निवासमा सम्माननीय राष्ट्रपतिबाट सपथ लिए पश्चात सिंचाइ मन्त्रालयमा माननीय सिंचाइ मन्त्री संजय कुमार गौतम आफ्नो पदमा बहाल हुनु भयो । सिंचाइ मन्त्रालयमा नव नियुक्त माननीय संजय कुमार गौतमलाई स्वागत गर्न सिंचाइ मन्त्रालयका सह–सचिवहरु लगायत सिंचाइ मन्त्रालयका उच्च पदस्थ अधिकारीहरु, सिंचाइ विभागका महानिर्देशक श्री अशोक सिंह (तत्कालिन उप–महानिर्देशक) जल उत्पन्न प्रकोप विभागका महानिर्देशक श्री मधुकर राजभण्डारी तथा विभागका उप–महानिर्देशकहरु तथा अन्य उच्च अधिकारीको समेत उपस्थिति रहेको थियो ।

### भेरी बबईमा TBM संचालन शुभारम्भ

भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाको निर्माण स्थल सुर्खेत जिल्लाको रामघाटमा २०७४ आश्विन ११ गते सिंचाइ मन्त्री माननीय संजय कुमार



गौतमले जडान भएको Tunnel Boring Machine (TBM) को सुरुङ्ग खन्ने कार्यको संचालन एक विशेष समारोहका बीच शुभारम्भ गर्नु भयो । उक्त अवसरमा सिंचाइ विभागका उपमहानिर्देशकहरु कृष्ण बेल्बासे, चूर्ण बहादुर ओली लगायत सिंचाइ विभागका अन्य उच्च अधिकारीहरुको साथै भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनाका आयोजना निर्देशक शिव कुमार बस्नेतको उपस्थिति रहेको थियो । उक्त अवसरमा पत्रकारहरुसंगको जिज्ञासामा वोल्दै सिंचाइ मन्त्री माननीय संजय गौतमले नेपाल लगायत दक्षिण एशिया क्षेत्रमा नै यस प्रकारको प्रविधि नौलो भएको र यस सुरुङ्ग निर्माण गर्ने नौलो प्रविधिले सफलता हासिल गरेमा अन्य क्षेत्रमा पनि यसको प्रयोगले प्रचुरता पाउने विश्वास व्यक्त गर्नु भयो । यो कदमले नेपालको सिंचाइ इतिहासमा यौटा नौलो मोड ल्याउने वताउनु हुँदै यस आयोजनाको सफलताको कामना गर्नु भयो । उक्त अवसरमा सिंचाइ मन्त्री माननीय संजय गौतमले आयोजना निर्माण स्थलको अभिरुचिपूर्वक निरिक्षण गर्दै उक्त निर्माण कार्य बारे जिज्ञासा प्रकट गर्नु भएको थियो ।

### सिंचाइ विभागमा नयां महानिर्देशक

२०७४ श्रावण ३१ गतेको निर्णय अनुसार सिंचाइ विभागको महानिर्देशकमा सिंचाइ विभाग मै उपमहानिर्देशकमा कार्यरत श्री अशोक सिंह नियुक्त हुनु भएको छ । सोही मितिको निर्णय अनुसार सिंचाइ विभागका मौजुदा महानिर्देशक श्री राजेन्द्र प्रसाद अधिकारीको बबरमहल स्थित जलश्रोत अनुसन्धान तथा तालिम केन्द्रको निर्देशकमा सरुवा पदस्थापन हुनु भएको छ । नव नियुक्त महानिर्देशक श्री अशोक सिंहको स्वागतार्थ तथा विदाइ भई जान लाग्नु भएका निवर्तमान महानिर्देशक श्री राजेन्द्र प्रसाद अधिकारीको विदाईको लागि सिंचाइ विभागको सभाकक्षमा २०७४ साल श्रावण ३२ गते वुधकारका दिन विशेष कार्यक्रमको आयोजना गरिएको थियो ।

उक्त अवसरमा बोल्नु हुँदै नव नियुक्त महानिर्देशक श्री अशोक सिंहले सिंचाइसँग आवद्ध विभिन्न सिंचाइ आयोजनाहरुको निर्माणको चापका वेला सवै आयोजनाहरुको निर्माण कार्यक्रममा पहिले झैं अविछिन्न गति कायम रहने अपेक्षा गर्दै सवै कर्मचारीहरुबाट आफ्नो कार्यकालमा पनि सहयोग कायम हुने विश्वास व्यक्त गर्नु भयो । साथै विदा भै जान लाग्नु भएका महानिर्देशक श्री राजेन्द्र प्रसाद अधिकारीबाट नव नियुक्त महानिर्देशकलाई शुभकामना व्यक्त गर्नु हुँदै वहांको सफल कार्यकालको लागि शुभकामना व्यक्त गर्नु भयो । उक्त अवसरमा नव नियुक्त महानिर्देशक श्री अशोक सिंहले विदाई भई जान लाग्नु भएको महानिर्देशक श्री अधिकारीलाई सिंचाइ विभागका तर्फबाट विशेष उपहार प्रदान गर्नु भएको थियो ।

सिंचाइ गतिविधि सम्पादक मण्डल नवनियुक्त महानिर्देशक श्री अशोक सिंहलाई हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दै वहाँको सफल कार्यकालको कामना गर्दछ ।



सोही क्रममा सिंचाइ व्यवस्थापन निर्देशनालय, चितवनका निर्देशक श्री नियाज वारिसको जल उत्पन्न प्रकोप व्यवस्थापन विभागको उपमहानिर्देशक पदमा सरुवा पदस्थापन हुनु भएको छ । जलश्रोत अनुसन्धान तथा विकास केन्द्रका निर्देशक श्री सरिता दवाडीको सिंचाइ विभागको योजना महाशाखाको उपमहानिर्देशक पदमा सरुवा पदस्थापन हुनु भएको छ । त्यस्तै मध्य पश्चिमाञ्चल क्षेत्रीय सिंचाइ निर्देशनालयका निर्देशक श्री कृष्ण नेपाल जल उत्पन्न प्रकोप व्यवस्थापन विभागको उपमहानिर्देशक पदमा सरुवा पदस्थापन हुनु भएको छ ।

त्यसैगरी जल उत्पन्न प्रकोप व्यवस्थापन विभागका उपमहानिर्देशक द्वय श्री प्रकाश चन्द्र पोखरेल तथा श्री कौशल किशोर झाको क्रमश मध्यमाञ्चल क्षेत्रीय सिंचाइ निर्देशालयको क्षेत्रीय निर्देशक तथा सिंचाइ मन्त्रालयको सहसचिवमा सरुवा हुनु भएको छ । मध्यमाञ्चल क्षेत्रीय सिंचाइ निर्देशनालयका निर्देशक श्री महेश्वर नरसिंह के.सी. सिक्टा सिंचाइ आयोजनाको आयोजना निर्देशक पदमा पदस्थापन हुनु भएको छ ।

## यस अंकमा

**समाचार**
- सिंचाइ मन्त्रालयमा नयाँ मन्त्री
- भेरी बबईमा TMB संचालन शुभारम्भ
- सिंचाइ विभागमा नयाँ महानिर्देशक
- सिंचाइ मन्त्रालयमा प्रगति समीक्षा बैठक
- ICID को आठौं एसियाली क्षेत्रीय सम्मेलन काठमाडौंमा हुँदै

**सम्पादकीय**
- भेरी बबई तथा सुनकोशी मरिन डाइभर्सन

**तालिम/कार्यशाला/गोष्ठी**
- सिंचाइ विभागमा नवनियुक्त इन्जिनियर तथा हाइड्रोजियोलजिष्टहरुका लागि अभिमूखिकरण तालिम सम्पन्न
- सहकारी अवधकारणा सम्बन्धी कार्यशाला गोष्ठी
- INPIM नेपालको १६ औं Talk Program

**लेख/रचना**
- साना तथा मझौला सिंचाइ योजना कार्यान्वयन प्रक्रिया र अनुभवहरू

# सम्पादकीय

## भेरी बबई तथा सुनकोशी मरिन डाइभर्सन

राष्ट्रिय जलश्रोत रणनीति तथा राष्ट्रिय जलस्रोत योजनाहरुमा परिकल्पना गरिए झैं बर्षै भरी सिंचाइ सेवा उपलव्ध गराउन हालसम्म मझौला तथा साना नदीहरुको स्रोतबाट संचालित र व्यवस्थित हुँदै आएका सिंचाइ प्रणालीहरुमा सुख्खा समयमा पानीको स्रोत वा वहाव साह्रै न्यून भएर जाने अवस्थालाई ध्यानमा राखी अन्तर जलाधार जल स्थानान्तरणको अवधारणामा आधारित भेरी बबई तथा सुनकोशी मरिन जस्ता वहुउद्देश्यीय आयोजनाहरुको निर्माण कार्यान्वयन हुने पक्का भएको छ । भेरी बबई डाइभर्सन बहुउद्देश्यीय आयोजनामा हिमालय क्षेत्रबाट परिपोषित भई वग्ने भेरी नदीको पानी निश्चित केही अंश हाल बन्दै गरेको १२.४ कि.मी. लामो सुरुङ्ग मार्गबाट बबई नदीमा खसालिने र यसले गर्दा सुख्खायाममा अन्य समयको वहावको तुलनामा कमी आउने छैन। जसले गर्दा हिउंदे तथा वसन्ते याममा लगाईने खेती बालीहरुको लागि उक्त स्रोतको उपयोग गरी आवश्यक सिंचाइको प्रवन्ध गर्न सकिनेछ । यो आयोजना मध्यपश्चिम क्षेत्रको सुर्खेत तथा दाङ्ग जिल्लामा अवस्थित छ । जस्ले मध्यपश्चिमका बबई र सिक्टा सिंचाइको करिव ५५,००० हेक्टर भूमिमा हिउंद र सुख्खा याममा पनि लगाइने बालीका लागि आवश्यक सिंचाइ सेवा उपलव्ध हुनेछ। त्यसैगरी हाल निर्माणको तयारीमा रहेको सुनकोशी मरिन डाइभर्सन आयोजनामा हिमालय क्षेत्रबाट परिपोषित भई बग्ने नदीहरु मध्ये सुनकोशी नदीको पानीको निश्चित केही अंश १३ कि.मी. लामो सुरुङ्ग मार्गबाट मरिन उपत्यका भएर वग्ने बागमती नदीको सहायक नदी मरिन खोलामा मिसाइने छ । जसले हिउंद तथा सुख्खा याममा नेपालका मध्य तथा पूर्वी तराई भेगका सिंचाइ पूर्वाधार विकास भई संचालनमा रहेका ठूला सिंचाइ प्रणालीबाट करिव १,२०,००० हेक्टर जमिनमा सिंचाइका लागि आवश्यक पानीको स्रोत जुट्न जाने र हिउंद तथा सुख्खा याममा लगाइने विभिन्न बालीहरुका लागि आवश्यक सिंचाइ सुविधा उपलव्ध हुनेछ। यी माथि उल्लेखित दुई आयोजनाहरु नेपाल सरकारको आफ्नै स्रोत तथा लगानीमा निर्माण हुन लागेको हो। त्यसैले पनि सिंचाइ/कृषिको क्षेत्रमा दीर्घकालिन प्रभावकारी महत्व राख्ने दुई आयोजनाहरुको कार्यान्वयन भई जति सक्दो चांडो यी आयोजनाहरु निर्माण सम्पन्न भई संचालनमा आउनेछ, त्यतिनै चाँडै कृषि पैदावरमा उन्नति भइ नेपालको अर्थतन्त्र उकास्नमा फलदायी हुनेछ। यी आयोजनाहरुको निर्माणमा हामी सबै नेपाली गौरवन्वित छौं । यी दुवै आयोजनालाई बहुउद्देश्यीय भन्नुको कारण यी दुवै आयोजनाहरुमा सिंचाइ हुनुका साथै निर्माण हुने विद्युत गृहमा उपयोग हुने पानीबाट जलविद्युत पनि उत्पादन गरिनेछ।

अन्य मुलुकहरुमा अन्तर जलाधार जलस्रोत स्थानान्तरण सम्बन्धी अवधारणा त्यति नौलो नभएपनि नेपालको लागि भने नौलो हो। यस खाले अवधारणाहरुको विकास र कार्यान्वयन जति सक्दो चांडो गर्नु आवश्यक थियो । किनभने १२ महिना वग्ने हिमालय क्षेत्र परिपोषित नदीहरुमा सधैं पानी वगेर गैराखेकै थिए। तर सुख्खा याममा झण्डै सुख्खै हुने नदी खोल्साहरुको स्रोतबाट संचालित सिंचाइ प्रणालीहरु तीनै याममा सिंचाइ उपलव्ध गराउन सक्ने आफ्नो पूर्वाधार व्यवस्थित हुँदा हुँदै पनि ती सुख्खा याममा संचालित/व्यवस्थित हुन सकिरहेको थिएन र यो मुलुकका लागि घाटा कै अवस्था हो । यी दुवै आयोजनाहरुमा नेपालका लागि नौलो TBM प्रविधि अपनाइ सुरुङ्ग खन्ने काम शुरु हुने भएको छ । यी दुई आयोजनाहरुको सफल कार्यान्वयन पश्चात सुनकोशी–कमला जस्ता अन्य अन्तर जलाधार जलस्थानान्तरण आयोजनाहरु पनि क्रमशः कार्यान्वयन हुँदै जाने गरी सम्भाव्यता अध्ययनको क्रममा रहेका छन । यसरी पांच दशक अघि देखिको अवधारणालाई मूर्तरुप दिने कार्य अहिले सम्पन्न हुन गैरहेको छ। ■

### सिंचाइ मन्त्रालयमा प्रगति समीक्षा बैठक

आ.व. २०७३/७४ को तेश्रो चौमासिक तथा बार्षिक अवधिको प्रगति समिक्षा बैठक २०७४ भाद्र १२ गतेका दिन सिंचाइ मन्त्रालयको सभा कक्षमा माननीय सिंचाइ



मन्त्री संजय कुमार गौतमको अध्यक्षतामा सम्पन्न भयो । उक्त अवसरमा सिंचाइ मन्त्रालयका सचिव श्री रामान्द प्रसाद यादव, सहसचिवद्धय श्री सागर कुमार राई तथा श्री सुशिल चन्द्र तिवारी लगायत सिंचाइ विभागका महानिर्देशक श्री अशोक सिंह जल उत्पन्न प्रकोप व्यवस्थापन विभागका महानिर्देशक श्री मधुकर राजभण्डारीको उपस्थिति रहेको थियो । उक्त बैठकमा क्षेत्रीय सिंचाइ निर्देशनालयहरु सम्वन्धित आयोजनाहरु निर्देशकहरुको आयोजना प्रमुखहरुको समेत उपस्थिति रहेको थियो । सिंचाइ विभाग तर्फको प्रगति बारे प्रस्तुति दिंदै सिंचाइ विभागका महानिर्देशक श्री अशोक सिंहले रानी जमरा कुलरिया, सिक्टा, बबई जस्ता आयोजनाहरुको निर्माण निरन्तरता कायम रहेको र भेरी बबई डाइवर्सन बहुउद्देश्यीय आयोजनाको निर्माण शुभारम्भ भएको तथा सुनकोशी मरिन डाइभर्सन आयोजनाको निर्माण तयारी भै रहेको बारे जानकारी गराउंदै आ.व. २०७३/७४ को अवधिमा कुल जम्मा बजेट रु. २०,६४,५२,७९००।– मध्ये रु. १७,७५,८७,१७,०००।– खर्च भई समष्टिमा सिंचाइ विभागको वित्तीय प्रगति ८८.७५ प्रतिशत भएको तथा भौतिक तर्फ भारित प्रगति ८९.१५ प्रतिशत भएको वताउनु भयो । उक्त गोष्ठीको अन्त्यमा सिंचाइ मन्त्रालय सचिव श्री रामानन्द प्रसाद यादवले समष्टिमा उत्साहप्रद प्रगतिको स्थिति रहेको बारे औंल्याउनु हुँदै आउने आर्थिक बर्षमा समेत सोही अवस्था कायम रहने विश्वास व्यक्त गर्नु भयो । अन्त्यमा सभापतिको आसनबाट माननीय सिंचाइ मन्त्री संजय कुमार गौतमले सफलताका साथ उच्च प्रगति दर हासिल गरी कार्य सम्पन्न गर्नु भएकोमा सबैलाई धन्यवाद ज्ञापन गर्दै आफूले आफ्नो पक्षबाट आयोजनाको कार्यान्वय क्रममा सक्दो सहयोग गर्न पछि नपर्ने आश्वासनका साथ सो बैठकलाई टुङ्याउनु भयो ।

### ICID को आठौ एसियाली क्षेत्रीय सम्मेलन काठमाडौंमा हुँदै

"Irrigation in support of evergreen revolution" भन्ने मुल नाराका साथ ICID को आठौं एशियाली क्षेत्रीय सम्मेलन (ARC) आउने सन् २०१८ को मे २


प्रधान सम्पादक बासुदेव लोहनी
सम्पादकहरु राजेन्द्रबिर जोशी
डा. राजन भट्टराई
एण्डी प्रकाश भट्ट
सन्तोष कोखश्रेष्ठ
बासुदेव दाहाल
आनन्द राज अर्याल
सचिता कडुवाल
ऋषभ खनाल
कम्प्युटर डिजाइन पद्मश्री बज्राचार्य

देखि ४ (२०७५ वैशाख १९-२१) सम्म काठमाडौंमा आयोजना हुन लागेको छ । उक्त सम्मेलन सिंचाइ तथा निकास सम्वन्धी अन्तराष्ट्रिय संस्था नेपाल राष्ट्रिय समिति (NENCID) तथा नेपाल सरकारको संयुक्त आयोजनामा हुन लागेको हो । उक्त सम्मेलनका अवसरमा सिंचाइ सम्वन्धी विज्ञहरुबाट प्रस्तुत गर्ने कार्यपत्रको लागि आह्वान समेत गरिएको छ । हालसम्म १०० भन्दा बढी राष्ट्रहरुको सदस्यता र सहभागिता रहेको ICID ले आफ्नो स्थापना काल सन् १९५० देखि विश्वस्तरीय मात्र नभइ क्षेत्रीय सम्मेलनहरु समेत आयोजना गर्दै आएको छ । विश्वका विभिन्न राष्ट्रहरुको सिंचाइ तथा निकास सम्वन्धी पूर्वाधार विकास र यस क्षेत्रमा सिंचाइमा पानीको उपयोग बारे हुँदै आएका अध्ययन अनुसन्धान बारे तथ्य जानकारी आदान प्रदान गर्त तथा सहयोग र भाइचारा जस्ता कार्यलाई तदरुकताका साथ अघि वढाउने कार्य गर्दै आएको छ । उक्त संस्थासंग नेपाल सन् १९७३ देखि आवद्ध हुँदै आएको हो । आठौ एशियाली क्षेत्रीय सम्मेलनको मुल नाराले एशियाली क्षेत्रको कृषि उत्पादन अभिवृद्धिलाई लक्षित गरी जनसंख्या बृद्धिदरमा खाद्य सुरक्षाको स्थितिलाई अफ बढी दरिलो वनाउने अपेक्षालाई सम्बोधन गर्ने विश्वास लिइएको छ । मूल नाराका साथ अन्य नाराहरुमा "Enabling small holders' capacity to obviate farmers' distress"; "Coping with recurring droughts and floods in the context of cimate change"; "Modernizing irrigation systems for better services"; Enabling Water Users Institutions(WUIs) for sustainability of Irrigation Systems"; तथा Irrigation, ecosystem services, and aquatic biodiversity" रहने छन् । उक्त सम्मेलनमा स्वदेशका ३०० तथा अन्तराष्ट्रिय विज्ञहरु २०० जना गरी जम्मा ५०० जना विभिन्न पेशामा संलग्न प्राज्ञिक, नीति, निर्माता तथा अनुसन्धान कर्मीहरुले सहभागिता जनाउने अपेक्षा गरिएको छ ।

# तालिम/कार्यशाला गोष्ठी

## सिंचाइ विभागमा नवनियुक्त इन्जिनियर तथा हाइड्रोजियोलजिष्टहरुका लागि अभिमूखिकरण तालिम सम्पन्न

नव नियुक्त इन्जिनियर र हाइड्रो-जिओलजिष्टहरुलाई सिंचाइ मन्त्रालय अन्तर्गतका विभाग, जिल्लाका कार्यालयहरुमा पदस्थापन गर्नु पूर्व सिंचाइ मन्त्रालय, मन्त्रालय मातहतका विभाग, विभागका संगठनात्मक संरचना, सिंचाइ नीति, नियमावली, आर्थिक प्रशासनिकका साथै सिंचाइ सम्वन्धी सैद्धान्तिक तथा व्यवहारिक ज्ञान र क्षमता अभिबृद्धि गर्ने हेतुले मिति २०७४/७/७ देखि २०७४/७/१७ सम्म आठ (८) दिने अभिमूखिकरण तालिम कार्यक्रम संचालन भएको थियो ।

सिंचाइ विभागको कोठा नं. ११८-११९ को सभाकक्षमा उक्त कार्यक्रममा प्रमुख अतिथि तथा माननीय सिंचाइ मन्त्री श्री संजय कुमार गौतमले उद्घाटन गर्नु भएको थियो । सोही क्रममा आफ्नो उद्घाटन मन्तव्यमा प्रमुख अतिथि तथा माननीय सिंचाइ मन्त्रीज्यूले नव नियुक्त इन्जिनियर तथा हा.जि.हरुलाई नीति, नियम र ऐन अनुसार काम गर्न गराउन हुन निर्देशन दिनु भयो । साथै नेपाल एक कृषि प्रधान देश भएको नाताले अवको हाम्रो प्रयास Agriculture Hub निर्माण गर्नेमा हो भनी जोड दिनु भयो जसले हाम्रो पर निर्भरतालाई हदैसम्म घटाउन मद्धत गर्छ ।



उक्त कार्यक्रमको विशेष अतिथिको आसनबाट सिंचाइ मन्त्रालयका सचिव श्री रामानन्दप्रसाद यादवले सिंचाइमा भएको लगानीको प्रतिफलको मुख्य सूचक कृषि उत्पादन र उत्पादकत्व बृद्धि नै रहेको बारे चर्चा गर्नु भयो । उक्त सत्रमा जल उत्पन्न प्रकोप व्यवस्थापन विभागका महानिर्देशक मधुकर राजभण्डारी, सिंचाइ विभागका उप-महानिर्देशक बासुदेव लोहनीले पनि आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएको थियो । उद्घाटन सत्रलाई समापन गर्ने क्रममा कार्यक्रमले अध्यक्षता गरिरहनु भएका तथा सिंचाइ विभागका महानिर्देशक श्री अशोक सिंहले माननीय सिंचाइ मन्त्री आफू उपस्थित भइ सबैमा हौसला संचार गरिदिनु भएकोमा माननीय मन्त्रीज्यूमा विशेष धन्यवाद टक्र्याउनु भयो । साथै कार्यक्रमको सफलता तथा नवनियुक्त कर्मचारीहरुलाई आ-आफ्नो कार्य क्षेत्रमा सफलता मिलोस भनि शुभकामना व्यक्त गर्नु भयो । उद्घाटन सत्र समापन लगतै कार्यक्रम अनुसार तालिम सत्र शुरु भयो । आठ दिनको उक्त कार्यक्रममा ६ दिनमा २० वटा कक्षाहरु सिंचाइ मन्त्रालय, सिंचाइ विभाग, जल उत्पन्न प्रकोप व्यवस्थापन विभाग र अन्य निकायका स्रोतव्यक्तिहरुबाट संचालन भयो । तालिम कार्यक्रमको सिलसिलामा दुई दिनको Field visit का लागि चितवन जिल्ला अन्तर्गतको नारायणी लिफ्ट, खगेरी सिंचाइ प्रणालीका साथै भूमिगत जल सिंचाइ विकास डिभिजनका विभिन्न निर्माण स्थलहरुमा स्थलगत भ्रमणको कार्यक्रम पनि राखिएको थियो ।

यस कार्यक्रमको समापन सत्र सिंचाइ विभागका महानिर्देशक श्री अशोक सिंहको अध्यक्षतामा सम्पन्न भएको थियो । उक्त सत्रको प्रमुख अतिथिमा सिंचाइ मन्त्रालयका सचिव श्री रामानन्दप्रसाद यादव, विशिष्ट अतिथिहरुमा सिंचाइ विभागका उपमहानिर्देशकहरु सरिता दवाडी, बासुदेव लोहनी, चुर्ण बहादुर ओलीका साथै जल उत्पन्न प्रकोप व्यवस्थापन विभागका उप-महानिर्देशक नियाज वारिसको उपस्थिति रहेको थियो । समापन सत्रको आशन ग्रहण पछि Participant हरुको तर्फबाट मनोज खतिवडा र सविना खत्रीले आ-आफ्नो छोटो मन्तव्य दिनु भएको थियो । कार्यक्रमका सवल तथा दुर्वल पक्षहरु बारे उल्लेख गर्दै तालिम कार्यक्रम आयोजना गरिएकोमा यसबाट आफूहरुलाई धेरै जानकारी प्राप्त भई कार्य क्षेत्रमा काम सुचारु गर्न मार्गदर्शन हुने विश्वास व्यक्त गर्नु भयो साथै तालिम आयोजकलाई धन्यवाद दिँदै आफ्ना जिम्मेवारीहरु तदारुकता साथ निर्वाह गर्ने विश्वास दिलाउनु भयो । समापन सत्रका प्रमुख अतिथि श्रीमान सचिवज्यू, सिंचाइ व्यवस्थापन महाशाखाका उप-महानिर्देशक बासुदेव लोहनी, DWIDM का उप-महानिर्देशक नियाज वारिसले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भयो । कार्यक्रमका प्रमुख अतिथि तथा सिंचाइ मन्त्रालयका सचिव श्री रामानन्दप्रसाद यादवले आफ्नो मन्तव्य पश्चात नवनियुक्त ३५ जना इन्जिनियर र हा.जि.हरुलाई तालिम कार्यक्रममा सहभागी भएको प्रमाण-पत्र वितरण गर्नु भयो । अन्त्यमा, समापन समारोहमा अध्यक्षता गरिरहनु भएका सिंचाइ विभागका महानिर्देशक अशोक सिंहबाट तालिम कार्यक्रम सफलताका साथ सम्पन्न भएकोमा सवैलाई हार्दिक बधाई तथा धन्यवाद ज्ञापन गर्दै कार्यक्रम समापनको घोषणा गर्नु भयो ।

## सहकारी अवधारणा सम्बन्धी कार्यशाला गोष्ठी

प्रणाली व्यवस्थापन तथा तालिम कार्यक्रमको आयोजनामा नवलपरासी जिल्लामा पर्ने नेपालगण्डक पश्चिमी नहर सिंचाइ व्यवस्थापन डिभिजन अन्तर्गतको पिपरपाटी र पर्सौनी माइनरहरुका जल उपभोक्ता संस्थाका पदाधिकारीहरुका लागि २०७४ पौष ७ र ८ गते सहकारी अवधारणा सम्बन्धी परिचयात्मक गोष्ठी सम्पन्न भयो । उक्त गोष्ठीमा पिपरपाटी तथा पर्सौनी शाखाका १६/१६ जना सहभागीहरुले सहभागिता जनाए । ३२ जना सहभागीहरुमा १२ जना महिलाहरु थिए । गोष्ठीमा स्रोत संकलन तथा सहकारीको अवधारणात्मक विकासद्वारा स्रोतको दीगो व्यवस्थापन तथा परि चालन गर्ने बारे छलफल र विचार आदान प्रदान भएको थियो । उक्त अवसरमा जल उपभोक्ता पदाधिकारीहरु बीच अन्तरक्रिया र छलफल भएको थियो । त्यसै गरी उल्लेखित विषयमै नवलपरासी जिल्लाकै धारापोखरी सिंचाइ जल उपभोक्ता समिति, रानीवेल सिंचाइ जल उपभोक्ता समिति, मदानीघाट जलउपभोक्ता समिति, पटुवाघाट सिंचाइ जलउपभोक्ता समितिका पदाधिकारीहरुका लागि पौष १० र ११ गते अर्को कार्यशाला गोष्ठी सम्पन्न भयो । उक्त गोष्ठीमा उल्लेखित ४ वटा

सिंचाइ प्रणालीका जलउपभोक्ता समितिहरुका अध्यक्ष, उपाध्यक्ष लगागत ३७ जना पदाधिकारीहरुको सहभागिता रहेको थियो। उक्त गोष्ठीमा हाल विद्यमान जलउपभोक्ता संस्थालाई सहकारीको अवधारणा अनुसारको समिति बनाउनेबारे परिचयात्मक छलफल भएको थियो। सो अवसरमा जल उपभोक्ता समितिका पदाधिकारीहरु बीच उक्त सहकारी सम्बन्धी अवधारणाबारे अन्तरक्रियात्मक छलफल भएको थियो। उक्त गोष्ठीमा नेपाल गण्डक पश्चिमी नहर सिंचाइ व्यवस्थापन डिभिजनका डिभिजन प्रमुख श्री टीकाराम बराल, इन्जिनियर जितेन्द्र साहनी, लेखापाल गणेश प्रसाद घिमिरे तथा नवलपरासी जिल्ला सहकारी कार्यालयका वरिष्ठ सहकारी अधिकृत श्री बुद्धप्रकाश पौडेलले स्रोत व्यक्तिहरुका रुपमा भाग लिनु भयो। उक्त गोष्ठीहरुको संयोजन प्रणाली व्यवस्थापन तथा तालिम कार्यक्रमका सिनियर टेक्निसियन श्री राजेन्द्रकुमार थापाले गर्नु भएको थियो।

## INPIM नेपालको १६ औं Talk Program

२० श्रावण २०७४ का दिन सिंचाइ विभागको सभा कक्षमा Redefining Participatory Irrigation Management भन्ने विषयमा १६औं Talk Programme को आयोजना गरियो। उक्त Talk Programme नेपालमा विद्यावारिधि गरिरहनु भएका फ्रान्सका विज्ञ श्री रोमन वालडुले "PIM through the Lenses of Hydro-social Cycle and Socio-technical Anthropology: an attempt to understand the politicization of WUAs in Nepal's Eastern Tarai" विषयक प्रवचन प्रस्तुत गर्नु भएको थियो। आफ्नो प्रस्तुतिका क्रममा श्री वालडुले आफ्नो अनुसन्धानको बारेमा र अहिलेसम्म प्राप्त जानकारीहरु बारेमा चर्चा गर्नु भएको थियो। आफ्नो प्रस्तुतिका क्रममा उहाँले पूर्वी नेपालको तराई स्थित सुनसरी मोरङ्ग सिंचाइ आयोजनाका जल उपभोक्ताहरुको गतिविधि तथा उनीहरुको राजनैतिक कृयाकलापले गरेको प्रभावबारे आफ्नो अध्ययनको प्रारम्भिक निचोडहरु बारे बोल्नु भएको थियो।



दोस्रो प्रस्तुतिमा, INPIM नेपालका अध्यक्ष श्री सुमन सिजापतिले "The Achievements and Current Challenges of INPIM Nepal" भन्ने विषयमा आफ्नो छोटो प्रस्तुति राख्नु भयो। उक्त प्रस्तुतिमा श्री सिजापतिले विगत २ दशकमा INPIM नेपालका अनुभव तथा अवका दिनहरुमा के कस्ता कदम लिएर अगाडि बढ्न सकिन्छ र सहजता प्राप्त गर्न सकिन्छ भन्ने बारे बोल्नु भयो।

INPIM नेपालको विधान संशोधन समितिका संयोजक श्री आशिष भद्र खनालले हालसम्म विधान संशोधनका बारेमा भएका प्रगति र चालिएका कदम र गतिविधि बारे संक्षेपमा आफ्ना भनाइहरु राख्नु भयो। कार्यक्रमको शुरुमा सदा झैं INPIM नेपालका अध्यक्ष श्री सुमन सिजापतिले INPIM नेपालको हालसम्म भएका वर्तमान अवस्था र गतिविधिहरु बारे जानकारी गराउनु भएको थियो।

कार्यक्रमका अन्त्यमा उपस्थित सहभागीहरुका तर्फबाट जिज्ञासाहरु राखिएकामा सम्वन्धित प्रस्तोताहरुबाट तिन्का बारेमा प्रस्टोक्ति राख्नु भएको थियो। आउंदो दिनमा INPIM नेपाललाई कसरी लिएर जाने भन्ने बारे उपस्थित सहभागी विद्वत वर्गहरुबाट अमुल्य सुझावहरु प्राप्त हुनका साथै धेरै जनाले उक्त अन्तरक्रियामा सक्रिय सहभागिता जनाउनु भएको थियो सोही अवसरमा INPIM नेपालले दुई दशक पुरा गरेको उपलक्ष्यमा सहभागीहरु माझ INPIM नेपालद्वारा विगतमा सम्पादन भएका कार्य तथा गतिविधि बारे छलफल तथा यसको भविष्यमा लिइने कदम बारे पनि टिप्पणीहरु भएका थिए। उक्त Floor discussion मा INPIM नेपाललाई निरन्तरता दिने बारे र यसको आगामी लक्ष्य तथा उद्देश्यमा समेत छलफल शुरु भएको थियो। यसमा सिंचाइसंग सम्वद्ध विज्ञहरु लगायतले आ-आफ्ना धारणा तथा सुझावहरु प्रस्तुत गर्नु भएको थियो। उक्त कार्यक्रममा सिंचाइ विभागका उप-महानिर्देशक तथा INPIM नेपालका महासचिव श्री बासुदेव लोहनी, सिंचाइ जल उपभोक्ता विज्ञ डा. प्रचण्ड प्रधान, सहभागितामुलक सिंचाइ विज्ञ डा. खेमराज शर्मा, जलस्रोत विज्ञ डा. उपेन्द्र गौतम, डा. कृष्ण चन्द्र प्रसाद, पूर्व सचिव श्री महेशमान श्रेष्ठ लगायत सिंचाइ सम्वद्ध विज्ञहरुको समेत उपस्थित रहेको थियो। उक्त सहकार्यक्रमको सहजीकरण तथा संचालन INPIM नेपालका अध्यक्ष श्री सुमन सिजापतिले गर्नु भएको थियो।

# लेख/रचना

## साना तथा मझौला सिंचाइ योजना कार्यान्वयन प्रक्रिया र अनुभवहरु

कृष्ण प्रसाद रिजाल*

### पृष्ठभूमि

सिंचाइ योजनाहरुको कार्यान्वयनलाई व्यवस्थित गर्न जलश्रोत ऐन (२०४९) को अधिकार प्रयोग गरी नेपाल सरकारले सिंचाइ नियमावली २०५६ (प्रथम संशोधन २०६०) तयार गरी जारी गरेको छ। यसै गरी सिंचाइलाई राष्ट्रिय नीति मार्फत व्यवस्थित, उद्देश्यमूलक एवं उत्पादनमूलक बनाउन सिंचाइ नीति (२०७०) समेत नेपाल सरकारवाट जारी भएको छ। यसका साथै मन्त्रालय स्तरवाट सिंचाइ तथा जल उत्पन्न प्रकोप सम्वन्धी निर्माण कार्यहरु जल उपभोक्ता संस्था मार्फत संचालन गर्ने/गराउने कार्यविधि (२०६९), जल उपभोक्ता संस्था गठन तथा संचालन कार्यविधि (२०७२), तयार भई लागु भएको छ भने विभागीय स्तरवाट सिंचाइ विभागको कार्यविधि, तथा विभिन्न नर्मस तथा निर्देशिकाहरु तयार भई लागु भएका छन्।

सिंचाइ क्षेत्रको दिर्घकालीन लक्ष, महत्वपूर्ण योजनाहरु तथा सिंचाइ क्षेत्रको विस्तृत तथ्याङ्क विवरण भने सिंचाइ गुरु योजना (२०४७) बाट नै निर्देशित रहेको पाइन्छ। नेपालको कूल कृषि योग्य क्षेत्रफल, तथा कूल सिंचाइ योग्य क्षेत्रफल (जिल्लागत विवरण सहित) को आधार नै सिंचाइ गुरु योजनालाई लिइएको छ। यसपछि भएका परिवर्तनहरुलाई हालसम्म अद्यावधिक गर्न सकिएको छैन।

जलश्रोत रणनीति तथा यस बमोजिम तयार भएको राष्ट्रिय जल योजनाले सिंचाइ लगायत जलसंग सम्वन्धित अन्य उपयोग क्षेत्रहरुमा अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन लक्ष तोकी उक्त लक्षहरु हासिल गर्न अपनाउनु पर्ने रणनीति, कार्यक्रम तथा योजनाहरु विस्तृत रुपमा पहिचान गरी सिफारिस गरेको भएता पनि राजनैतिक प्रतिवद्धताको अभावले कानूनी, संस्थागत, तथा संरचनागत पूर्णता प्राप्त गर्न नसकेको मात्र होइन एकीकृत जलस्रोतको उपयोगिताको नीति विपरित खण्डिकृत तथा एकात्मक उपयोगको दिशा तर्फ उन्मुख भएको देखिन्छ।

नेपालको कूल सिंचित क्षेत्रफलको अधिकांश हिस्सा कृषक व्यवस्थित साना तथा मझौला सिंचाइ प्रणालीहरुले ओगटेको छ। त्यसो त नेपालमा साना कृषकहरुको संख्या अत्याधिक धेरै रहेको छ। झण्डै आधा कृषकहरुसंग आधा हेक्टर भन्दा पनि कम जमिन रहेको छ र राष्ट्रिय रुपमा कृषकहरुको औसत जमिन माथिका स्वामित्व मात्र ०.६६ हे. रहेको छ भने एक परिवारले औसतमा तीन कित्ता जमिन प्रयोग गरेका छन्।

नेपालको उच्च तथा मध्य पहाडी भागमा जमिन भिरालो, पानीको स्रोत अक्सर मुहान तथा ठाडो खोला जस्ता सानो स्रोत हुने तथा जग्गाहरु पनि सानो सानो खण्डमा विभाजित भएको हुने कारणले गर्दा साना तथा मझौला सिंचाइ प्रणालीहरु नै उपयुक्त हुने देखिएका छन्। साना प्रणालीहरु निर्माणको दृष्टिकोणले सरल र सहज हुने मात्र होइन, निर्माण पश्चात संचालन तथा मर्मत संभारको दृष्टिकोणले समेत उपयुक्त मानिन्छन्। यस्ता साना तथा मझौला सिंचाइ प्रणालीहरु उपभोक्ता आफैले समेत निर्माण तथा मर्मत संभार गर्न सक्ने हुनाले यस्ता प्रणालीहरुको संख्या नेपालमा अधिक छन जो तुलनात्मक रुपमा दीगो तथा व्यवस्थित रुपमा संचालनमा रहेको पाउन सकिन्छ।

यिनै विशेषताहरुलाई मध्य नजर राख्दै सिंचाइ विभागले साना तथा मझौला सिंचाइ योजनाहरुको कार्यान्वयनलाई विशेष प्राथमिकता दिएको छ। यस्ता योजनाहरुको कार्यान्वयनलाई व्यवस्थित बनाउन तेह तहको कार्यान्वयन प्रक्रिया निर्धारण गरी प्रयोगमा

ल्याइएको छ । एक दशक भन्दा अघि तयार भएका यी प्रक्रियाहरु कार्यान्वयनको कसौटीका कसरी उत्रिएका छन् र प्रयोगको अनुभवको आधारमा के कस्ता सुधारहरु हुनु पर्ने देखिएको छ भन्ने सम्वन्धमा यहाँ चर्चा गर्न खोजिएको छ ।

१) **सूचना प्रवाहः** स्थानिय स्तरमा सिंचाइ विभाग अन्तर्गतबाट गरिने विभिन्न कार्यक्रमहरुको उद्देश्य एवं कार्यान्वयन प्रक्रियाबारे सो क्षेत्रका कृषक एवं सर्वसाधारणलाई सूचना पाटी, पत्र पत्रिका तथा सभा गोष्ठी आदिको माध्यमबाट सम्बन्धित सिंचाइ कार्यालयले जानकारी गराउने छ ।

आजको युग भनेको सूचना प्रविधिको युग भएकोले आफ्ना सेवा तथा उत्पादनहरुलाई धेरै भन्दा धेरै व्यक्तिहरु समक्ष पुऱ्याउन सूचना प्रवाहको लागि प्रविधिको प्रयोग गर्नु आवश्यक छ । कुनै योजनाको विषयमा जानकारी दिन आम भेला बोलाउँदा समयको व्यस्तताले वा खवरको अपूर्णताले वा जानकारी नपाएर वा अन्य विविध कारणहरुले मानिसहरु निश्चित स्थानमा निश्चित समयमा जम्मा हुने सम्भावना कम नै रहेको हुन्छ । कुनै पनि कार्यक्रममा आर्थिक, भौतिक तथा अन्य प्रत्यक्ष लाभ प्राप्त गर्ने अवस्था भएमा उपभोक्ताहरुको उपस्थिति बाक्लो हुने गर्दछ अन्यथा उपस्थिति शुन्य प्रायः हुने गरेको पाइन्छ । यस सम्वन्धमा एउटा चाखलाग्दो अनुभव साट्न उपयुक्त देखेको छु ।

कार्यान्वयनको चरणमा रहेको कुनै एउटा सिंचाइ योजनामा गुणस्तर नियन्त्रण सम्वन्धमा तालिम आयोजना गर्न उपभोक्ताहरुलाई मिति, स्थान र समय तथा प्रशिक्षार्थीहरुलाई खवर गर्नको लागि कार्यालयबाट फोन गरियो । ती जिम्मेवार व्यक्तिले भने कि अहिले त भूकम्पको पूननिर्माणको कारणले गाउँमा हरेक व्यक्ति व्यस्त छन् त्यसैले तालिममा उपस्थित गराउन धेरै गाह्रो छ । उनलाई सम्झाउने बुझाउने काम भयो । हेर्नुस यो योजनाको निर्माण सम्पन्न भइसकेपछि यो तालिमको अर्थ छैन । निर्माण कार्य शुरु हुँदै गर्दा नै तालिम दिन उपयुक्त हुने हुनाले समितिका सदस्य एवं पदाधिकारीहरु र अगुवा कृषकहरु गरी जम्मा २५ जना जतिको उपस्थिति आवश्यक पर्छ । सिंचाइ योजना निर्माणलाई दीगो, गुणस्तरीय बनाउन सहयोगी हुने यो तालिमले केही मात्रमा आवास पूननिर्माणलाई समेत सहयोग गर्छ । यो अवसर गुम्न नदिनु होस आदि भनियो । उनी अझै पनि आनाकानी गर्दै थिए । सम्भवै छैन सर । तालिम गर्ने ठाउँ पनि छैन । मान्छे पनि आउदैनन् आदि । यस पछि भनियो तालिममा खाजा र केहि भत्ताको पनि व्यवस्था छ । जे जसरी हुन्छ एक दिनको लागि समय निकाल्नु पऱ्यो । त्यसपछि उनले बल्ल भने हुन्छ प्रयास गरौला । तालिम तोकिएको दिन फिल्डमा गइयो । शुरुमा उपभोक्ताको नाम दर्ता गर्न थालियो । २५ जना त के पचासौ जनाको भिड उर्लियो । स्थान अभाव र छुट्याइएको स्रोत साधनको सीमितताले गर्दा उपस्थित मानिसहरु सवैलाई सहभागी गराउन नसकिने भनि उपस्थिति घटाउन पुन अनुरोध गर्नु पर्ने अवस्था सृजना हुन पुग्यो ।

यो बास्तविक घटनामा आधारित अनुभव हो जसवाट धेरै पाठ सिक्न सकिन्छ । मानिसलाई कोरा सूचना भन्दा तत्कालिन र प्रत्यक्ष लाभ चाहिएको छ । योजना संचालन भएर कार्यान्वयनमा गएको योजनामा त उपभोक्ताको मनस्थिति यस्तो हुन्छ भने माग गरिने योजनाको लागि उपभोक्ताहरुले सूचना प्राप्त गर्न कति चाख राखी समय देलान्, सर्भेक्षण कार्यमा कति सहयोग गर्लान् विचारणीय छ ।

सूचना संम्प्रेषण सम्वन्धी त्यस्तै अर्को अनुभव छ । योजनाको सर्भेक्षण गर्न जाँदा उपभोक्ताहरुलाई उपस्थित हुन खवर गरे पनि उपस्थित हुँदैनन् र पछि कार्यान्वयन गर्ने क्रममा चाहि योजना के हो, कस्तो हो हामीलाई केही जानकारी छैन भन्ने गर्छन् । अलि पिछडिएको स्थानमा योजना छ र कुन्ठित मानसिकता भएका उपभोक्ताहरु छन् भने हामीलाई कुनै जानकारी नभएको हुँदा आफ्नो जग्गामा नहर खन्न, संरचना बनाउन दिदैनौ, श्रमदान गर्न सक्दैनौ आदि समेत भन्ने गर्दछन् ।

अहिलेको सूचना प्रविधिको युगमा सूचना प्रवाह गर्न तथा प्राप्त गर्न धेरै गाह्रो छैन । सूचनाको हक सम्वन्धी कानून र राष्ट्रिय सूचना आयोगको सक्रियताले सूचना व्यक्तिको अधिकार हो भन्ने कुरा धेरै प्रचार प्रसार भई सकेको छ । तथापि सिंचाइ योजना सम्वन्धी सूचना प्रचार प्रसार गर्न परम्परागत पद्धति भन्दा पनि आजको युग सुहाउँदो डिजिटल मेडियाको प्रयोग गर्नु आवश्यक देखिन्छ । सोसल मिडियाहरु जस्तैः फेसवुक, ट्वीटर एवं वेबसाइट तथा कार्यालयको काम कारवाही बारे जानकारी दिने मोवाइल एप मार्फत सिंचाइ सम्वन्धी सूचनाको प्रचार प्रसार गर्न सिंचाइ विभाग र अन्तर्गतका निकायहरुले ध्यान पुऱ्याउनु पर्ने आवश्यकता देखिएको छ ।

२) **योजनाको माग (कृषकहरुले निवेदन दिनुपर्ने):**

सिंचाइ योजनाको कार्यान्वयन प्रक्रियामा कृषकहरुबाट माग फाराम भरी योजनाको लागि निवेदन दिने कार्य औपचारिक रुपमा पहिलो खुड्किलो हो । सिंचाइ विभागले तयार पारेको माग फाराममा उल्लेखित विवरणहरु भरी जिल्ला स्थित सिंचाइ कार्यालयमा प्रति रोपनी दुई रुपैंया पचास पैसा धरौटी खातामा जम्मा गरेको भौचर सहित निवेदन दिनुपर्ने हुन्छ । यस माग फारामको माध्यमबाट सिंचाइ कार्यालयलाई योजनाको अवस्थिति, पानीको स्रोत, सामान्य संरचनात्मक विवरण तथा सिंचाइ हुने जग्गाको परिमाणको बारेमा जानकारी प्राप्त हुन्छ ।

यसरी माग फाराम प्राप्त भए पछि योजना कार्यान्वयनको अन्य प्रक्रियाहरु अघि बढ्ने भएतापनि व्यवहारिक रुपमा कहिले काहीं योजनाको नाम रातो कितावमा समावेश भएर आए पछि माग फाराम भराउनु पर्ने अवस्था समेत आएको देखिन्छ । यसरी माथिबाट तल (Top to bottom) पद्धति अन्तर्गत झ्यालबाट प्रवेश गर्ने योजनाहरु आर्थिक तथा प्राविधिक रुपमा सम्भाव्य नहुन पनि सक्छन् र सम्भाव्य देखिएतापनि कार्यान्वयनको चरणमा उपभोक्ताहरुको तर्फवाट पुरा गरिनु पर्ने श्रमदान लगायतका दायित्वहरु सहज रुपमा वहन गरिने अवस्था रहने गरेको पाइँदैन ।

अर्को तर्फ नयाँ एवं पुराना दुवैखाले योजनाहरुको लागि एउटै खाले माग फाराम प्रयोग हुने गरेको हुँदा उपभोक्ताहरुलाई फाराम भर्न असहज महशुस हुने गरेको पाउन सकिन्छ । मर्मत संभारको लागि भने माग फाराम भर्नु पर्ने कार्यविधिमा उल्लेख छैन । मर्मत संभार अन्तरगतका वार्षिक कार्यक्रममा समावेश भएका योजनाहरु कहिले नयाँ त कहिले पुननिर्माण गर्नु पर्ने खालका त कहिले नाम, ठेगाना समेत नखुलेका हुने गरेको पाइन्छ । मर्मत संभार योजनाहरुलाई पनि माग फाराम भर्नु पर्ने प्रावधान लागु गरी जिल्लावाट प्राथमिकताको आधारमा सिफारिस हुने योजनालाई बार्षिक कार्यक्रममा समावेश गर्न सकिएमा असीमित आवश्यकता र सीमित स्रोतको समुचित समायोजन हुन सक्ने थियो ।

३) **निवेदनहरुको छनौट एवं योजनाको पहिचान** (Screening and Identification Survey)

कृषकहरुबाट प्राप्त निवेदनलाई सिंचाइ कार्यालयले कृषि विकास कार्यालयका प्राविधिक समेतको सहयोग लिई अध्ययन गरी माग उपयुक्त लागेमा निवेदनमा उल्लेखित विवरणहरुको एकीन गर्न निवेदन दिने कृषकहरु वा संस्थाको साथ प्राविधिकहरुले स्थलगत निरीक्षण गर्ने छन् । निरीक्षणमा जाने प्राविधिकहरुले तोकिएको ढाँचामा प्रतिवेदन तयार गर्ने छन् र उक्त प्रतिवेदन स्वीकृतिको लागि क्षेत्रीय सिंचाइ निर्देशनालयमा पठाउने छन् । योजना अर्न्तगत निर्माण हुने संरचनाहरुको मर्मत संभार एवं संचालनको काम उपभोक्ता कृषकहरुबाट मर्मत संभार एवं संचालन गर्न नसकिने योजनाहरु संचालनमा ल्याइने छैनन् । योजना संचालन गर्न उपयुक्त नदेखिएमा निवेदन साथ जम्मा गरिएको रकम त्यसै बेला फिर्ता गरिने छ ।

कार्यविधिको यस चरणको मर्मलाई व्यवहारिक रुपमा लागु गर्न सकेको देखिंदैन । पहिलो कुरा त कृषि कार्यालयका प्राविधिकहरु आफ्नै कार्यालयको काममा यति व्यस्त हुन्छन् कि सिंचाइको कार्यक्रमको लागि फिल्डमा जाने अवस्थामा देखिंदैन । यसको लागि कृषिका प्राविधिकहरुको कार्य विवरणमा समेत सिंचाइका कार्यक्रमहरुमा सहभागी हुनु पर्ने व्यवस्था हुनु पर्ने देखिन्छ । दोस्रो कुरा सिंचाइका प्राविधिकहरुले योजना अध्ययन पश्चात प्रतिवेदन त तयार गर्छन् तर प्रतिवेदनको विषय सूचीमा एकरुपताको लागि विभागीय मार्गदर्शन उपलव्धि भएको पाइदैंन । साथै पहिचान सर्भेक्षणको प्रतिवेदन स्वीकृतिको लागि क्षेत्रीय सिंचाइ निर्देशनालयमा पठाउनु पर्ने प्रावधान लागु भएको पाइदैंन जुन व्यवहारिक र तर्क संगत समेत देखिंदैन ।

४) **सम्भाव्यता अध्ययनको प्राथमिकीकरण** (Prioritization for feasibility study)

पहिचान भएका योजनाहरु मध्ये प्राप्त बजेट र जनशक्ति समेतलाई विचार

गरी स्थानिय सिंचाइ कार्यालयले जिल्ला स्थित कृषि विकाससँग सम्बन्धित कार्यालयहरुसंग आवश्यक छलफल एवं समन्वय राखी प्राथमिकताक्रम अनुसार सम्भाव्यता अध्ययन गर्नको लागि आउँदा वर्षको बार्षिक कार्यक्रममा समावेश गर्नेछ ।

यस चरणमा पनि कृषिसंग सम्बन्ध कार्यालयसंग छलफल र समन्वयको पाटो कमजोर रहदै आएको छ । पहिचान सर्भेक्षण भएका योजनाहरुलाई मूख्यत: पानीको स्रोत र सिंचाइ हुने जग्गाको परिमाणको आधारमा प्राथमिकीकरण गरिन्छ र आउँदो वर्षको बार्षिक कार्यक्रममा समावेश गर्न औपचारिक तथा अनौपचारिक रुपमा सिफारिस गर्ने गरिन्छ ।

५) **सम्भाव्यता अध्ययन**: यस चरणमा बार्षिक कार्यक्रममा समावेश भएका योजनाहरुको सम्भाव्यता अध्ययन सिंचाइ कार्यालयका प्राविधिकहरुले कृषि कार्यालयको समेत सहयोगमा गर्ने र उक्त कार्यमा निर्देशनालयको घुम्ति टोलीले सहयोग गर्ने, सिंचाइ विभागले प्रतिवेदनको विषय–सूची स्वीकृत गरी लागु गर्ने तथा कृषकहरुबाट आवश्यक प्रतिवद्धता समेत व्यक्त हुनु पर्ने उल्लेख छ ।

यस प्रक्रियामा पनि कृषि कार्यालयसंगको सहकार्य अपेक्षित रुपमा हुने गरेको पाईदैंन । क्षेत्रीय सिंचाइ निर्देशनालयको घुम्ति टोली (Mobile Irrigation Team: MIT) ले भने जिल्ला कार्यालयले तयार गरेको प्रतिवेदन राम्रोसंग चेक जाँच गरी सच्याउन लगाउने तथा सहजीकरण गर्ने गरिएको छ । तथापि: IT को काम, कर्तव्य तथा अधिकार र उत्तरदायित्व बारे स्पष्ट रुपमा तोकिदिएको पाईदैंन । प्रतिवेदनको विषय–सूची भने विभाग अन्तर्गतका कार्यक्रम तथा आयोजनाहरुले तयार गरी पठाउने गरेको र अद्यावधिक गर्ने गरेको पाउन सकिन्छ ।

६) **योजनाको स्वीकृती**: सम्भाव्यता अध्ययन प्रतिवेदन तयार भइ MIT द्वारा चेकजाँच भई सकेपछि रु. तीन करोड सम्मको योजना क्षेत्रीय निर्देशनालयबाट र त्यस भन्दा बढीको योजना सिंचाइ विभागवाट स्वीकृत हुने व्यवस्था रहेको छ ।

सार्वजनिक खरिद नियमावली (२०६४) ले रा.प.प्रथम श्रेणीको अधिकृतबाट रु. दश करोड सम्मको लागत अनुमान स्वीकृत गर्न सक्ने अधिकार प्रदान गरेको र योजनाको स्वीकृती मूख्यत: लागत अनुमानकै आधारमा निर्धारण हुने गरेको हुँदा क्षेत्रीय सिंचाइ निर्देशनालयबाट रु. दश करोड सम्मको सिंचाइ योजनाको स्वीकृत हुन मनासिव हुने देखिन्छ । सैद्धान्तिक रुपमा पनि यस अघि क्षेत्रीय निर्देशकले रु. तीन करोड सम्मको लागत अनुमान स्वीकृत गर्न सक्ने अधिकार रहेको अवस्थामा साविकको एक करोडबाट तीन करोड सम्मकै योजना स्वीकृत गर्न सक्ने प्रावधान गरिएको थियो । यसो गर्दा अधिकार र जिम्मेवारीको वास्तविक विकेन्द्रीकरण हुने र योजना कार्यान्वयनको प्रक्रिया समेत छोटिने हुँदा कार्यदक्षता समेत वृद्धि हुने देखिन्छ ।

७) **विस्तृत सर्भेक्षण डिजाइन तथा लागत अनुमान तयार गर्ने**: योजना स्वीकृत भएपछि स्वीकृत योजनाको परिधि भित्र रहेर विस्तृत सर्भेक्षण, डिजाइन तथा लागत अनुमान तयार गर्ने, उपभोक्ता मार्फत गर्नु पर्ने काम स्पष्ट गर्ने र खरिद नियमावली अनुसारको अधिकार भित्र रही लागत अनुमान स्वीकृत गर्ने प्रावधान रहेको छ ।

व्यवहारिक रुपमा भने शुरुमा डिजाइन तथा लागत अनुमान तयार गरी सोहीको आधारमा योजना स्वीकृत गरिने हुँदा चरण नं ६ र ७ संगसंगै हुने गर्दछन् । योजना तथा लागत अनुमानको स्वीकृतीको अधिकार फरक फरक भएको हुँदा औपचारिक स्वीकृतीको प्रक्रिया मात्र फरक देखिन गएको हो । अत: यस्ता साना तथा मझौला सिंचाइ योजनाहरुको हकमा लागत अनुमान तथा योजना स्वीकृतीको अधिकार एकै तहमा अर्थात दश करोड भन्दा तलको क्षेत्रीय निर्देशनालयमा र सो भन्दा माथिको विभागमा हुने गरी कार्यविधि तयार हुनु पर्ने देखिन्छ ।

८) **उपभोक्ता संस्था दर्ता**: यस चरणसम्ममा उपभोक्ता संस्था गठन तथा दर्ता गरिसक्नु पर्ने प्रावधान उल्लेख छ । उपभोक्ताहरुलाई अभिमूखिकरण तालिम समेत दिई कूल लागत अनुमानको शुन्य दशमलव पाँच प्रतिशत हुने रकम धरौटी खातामा जम्मा गर्नु पर्ने हुन्छ ।

उपभोक्ता संस्था गठन गर्दा सिंचाइ र कृषि प्रति चासो र सरोकार राख्ने उपभोक्ता भन्दा पनि योजना ल्याउन पहल गर्ने व्यक्ति वा संस्थाका प्रतिनिधि, राजनीतिकर्मी, निर्माण व्यवसायी, शिक्षक जस्ता व्यक्तिहरुले नेतृत्व गर्ने तथा महत्वपूर्ण पदमा बस्ने प्रचलन जस्तै भइसकेको छ । अझ एउटै व्यक्ति सिंचाइ, खानेपानी, सडक आदिको समितिमा अध्यक्ष बन्ने गरेको यदाकदा देख्न सकिन्छ । कतिपय अवस्थामा त सिंचित क्षेत्रमा जग्गा नपर्ने व्यक्ति समेत संस्थामा बस्ने गरेको पाइन्छ । उपभोक्ता संस्था गठनमा हुने गरेका यस्ता विकृतिलाई नियन्त्रण गर्न पनि निकै कठिन छ । हरेक संस्था गठन गर्दाताका कार्यालयको प्रतिनिधि पुग्न सम्भव हुँदैन । पुग्न सकिएतापनि को व्यक्ति कस्तो हो, के हो कर्मचारीलाई थाहा हुँदैन र थाह भई हाले पनि संस्था गठनमा कर्मचारीले प्रत्यक्ष हस्तक्षेप गर्न मिल्दैन, सल्लाह, सुझाव र मार्गदर्शन गर्ने मात्र हो । बास्तविक उपभोक्ताहरुको सही प्रतिनिधित्व भएको संस्था गठन हुन नसक्दा कतिपय सिंचाइ योजनाहरुको कार्यान्वयन मै समस्या ग्रस्त भएका उदाहरणहरु समेत प्रशस्त छन् । उपभोक्ता संस्थाका पदाधिकारीहरु विवादित भएमा राजनैतिक आडमा असहयोग गर्ने, अनावश्यक उजुर दिने, मुद्दा मामिला गर्ने समेत अवस्था देखिएको छ । समितिमा महिला सहभागिता औपचारिक र कानूनी प्रावधान पुरा गर्ने हद सम्ममात्र सीमित भएको देखिन्छ ।

समिति गठनमा हुने यस्ता कमी कमजोरी र विकृतिको न्यूनिकरण गर्न समग्र सामाजिक चेतना उच्च हुनु जरुरी हुनुका साथै योजना बास्तविक मागको आधारमा र प्रक्रिया संगत ढंगले कार्यान्वयन भएको अवस्था हुनु जरुरी छ ।

त्यसैगरी मर्मत संभार कोषको लागि जम्मा गरिने कूल लागतको ०.५ प्रतिशत धरौटी रकम सम्पूर्ण उपभोक्ताहरुवाट समानुपातिक रुपमा उठाइनु पर्नेमा त्यसो गरिएको पाइदैन । यो रकम जम्मा गर्ने दायित्व कि त योजना माग गर्न पहल गर्ने व्यक्ति वा समूहको हुन्छ वा उपभोक्ता संस्थाका पदाधिकारीहरुको । कतिपय अवस्थामा निर्माण व्यवसायी मार्फत अनौपचारिक रुपमा उक्त रकम असुल गराउने गरिएको वा स्थानीय निकायबाट अनुदान उपलव्ध गराउने गरिएको समेत पाइन्छ । यसरी जम्मा भएको रकम अक्सर फिर्ता हुँदा जसले जम्मा गरेको हो उसैले फिर्ता लिने गरेको देखिन्छ ।

संस्थाले यसरी अनौपचारिक तरिकाबाट धरौटी रकम जम्मा गर्दा पछि मर्मत संभारको लागि रकम अभाव भई समस्यामा फस्न जाने अवस्था सृजना हुने देखिन्छ । यस्तो नहुनको लागि संस्था चनाखो र सक्रिय हुनु जरुरी छ भने सिंचाइ विभागले पनि उक्त मर्मत संभार कोषको प्रयोगको विधि वनाइ दुरुपयोग हुन नदिने संयन्त्र र प्रक्रिया लागु गर्नु पर्ने देखिन्छ ।

९) **उपभोक्तासंग सम्झौता**: उपभोक्ता र कार्यालयको दायित्व स्पष्ट हुने गरी आपसी सम्झौता गर्नु पर्ने प्रावधान उल्लेख छ । सिंचाइ नीति अनुसार सम्झौताको कार्यान्वयन कार्यालयले नगरेमा संस्थाले क्षतिपूर्ति माग्ने र संस्थाले नगरेमा कार्यालयले कार्यान्वयन स्थगित गर्ने भन्ने प्रावधान व्यवहारमा लागु भएको पाइदैंन । सम्झौतारत पक्षहरुमा एकातर्फ नेपाल सरकारको प्रतिनिधि र अर्कोतर्फ सामान्य उपभोक्ताहरुको संस्था हुने र नेपाल सरकार योजनाको लगानीकर्ताको समेत हैसियतमा रहने हुनुका साथै यस्तो प्रावधानलाई कुनै कानूनले सम्वोधन गर्न नसकेको हुँदा व्यवहारिक समेत देखिँदैन । यसरी उपभोक्तासंग हुने सम्झौताको एकरुपता कायम हुने फरम्याट विभागीय तहवाट जारी भएको समेत देखिँदैन ।

सिंचाइ नीति तथा नियमावली अनुसार कम्तिमा पनि तीन प्रतिशत श्रमदान उपभोक्ताहरुले गर्नु पर्ने प्रावधान रहेको छ । तर वैदेशिक रोजगारीको कारणले जनशक्तिको अभाव, कृषि प्रति उपभोक्ताको घट्दो लगाव एवं कृषियोग्य उर्वर भूमि गैरकृषि प्रयोजनको लागि प्रयोग हुने अवस्था, योजना बास्तविक मागमा आधारित नहुने आदि विविध कारणहरुले गर्दा खास गरी नयाँ र तुलनात्मक रुपमा ठूला योजनाहरुमा श्रमदान जुटाउन अत्यन्त समस्या हुने गरेको पाइन्छ ।

यस्तो अवस्थामा संस्थाले देखावटी श्रमदान गर्न भए पनि जो श्रमिकले भुक्तानी पाउने तर्फको निर्माण कार्य गरेका हुन्छन् उनकै ज्यालावाट श्रमदान कटाउने वा निर्माण व्यवसायीलाई उक्त श्रमदान गर्न वाध्य बनाउने समेत गरिएको पाइन्छ । अत श्रमदानको यस्तो समस्यालाई समाधान गर्न व्यवहारिक नीति निर्माण गरी लागु गर्नु जरुरी देखिएको छ ।

१०) **योजनाको निर्माण**: सिंचाइ संरचनाहरुको निर्माण कार्य स्थानिय ठेक्का पट्टा (National Competitive Bidding) बाट खरिद ऐन नियमको परिधि भित्र रही गराइने छ । उपभोक्ता संस्थाको निर्माण समिति र सिंचाइ कार्यालयका प्राविधिकहरुले निर्माण कार्यको रेखदेख गर्नेछन् । निर्माण कार्यको गुणस्तर कायम राख्न सिंचाइ विभागले "सिंचाइ संरचना निर्माण कार्यविधि" स्वीकृत गरी लागु गर्नेछ ।

सिंचाइ योजनाको निर्माण कार्य निर्माण व्यवसायी र संस्था मार्फत हुने गरेको छ । संस्था स्वयं निर्माण कार्यमा सहभागी हुँदा समग्र निर्माण कार्यको अनुगमन, मूल्याङ्कन तथा गुणस्तर रेखदेख गर्ने संस्थाको भूमिकामा ह्रास आएको देख्न सकिन्छ । निर्माण व्यवसायीको अस्वस्थ प्रतिस्पर्धा तथा निर्माण कार्यको प्रगति प्रति उदासिनता तथा व्यवसायिक जिम्मेवारीबाट पन्छिन खोज्ने प्रवृतिले गर्दा योजनाको कार्यान्वयन पक्ष फितलो हुने गरेको छ । निर्माण व्यवसायीमा जवसम्म व्यवसायिकता, उत्तरदायित्ववोध र जिम्मेवारीपना सहितको प्रवृत्तिगत सुधार आउँदैन कुनै पनि नियम, कानूनले काम गर्ने अवस्था समेत देखिंदैन ।

११) **कमीशनिङ्ः** सिंचाइ संरचनाहरुको निर्माण कार्य सम्पन्न भए पश्चात सिंचाइ र कृषि प्राविधक एवं उपभोक्ताहरुद्धारा संयुक्त रुपमा स्थलगत निरिक्षण गरी त्रुटीहरु देखिएमा सच्याउन लगाई योजना सम्पन्न प्रमाण–पत्रमा दस्तखत गरिनेछ ।

यस चरणमा कार्यविधिमा उल्लेख भए झैं उपभोक्ता र सिंचाइ कार्यालयको तर्फवाट योजना सम्पन्न प्रमाण–पत्रमा दस्तखत गर्ने कार्य व्यवहारमा देखिएको छैन । CMIASP-AF अन्तर्गतका योजनामा भने टेष्ट रन गरेर योजना सम्वन्धी जानकारी भएको Joint certification Format मा सहिछाप गरी लिने दिने प्रचलन रहेको छ ।

१२) **मर्मत संभार एवं संचालनः** योजनाको निर्माण कार्य सम्पन्न भएपछि धरौटीको रुपमा जम्मा गरिएको ०.५ प्रतिशत रकम उपभोक्ता संस्थालाई मर्मत संभार कार्यमा प्रयोग गर्न फिर्ता गरिनेछ । सिंचाइ कार्यालयका तर्फबाट जल व्यवस्थापन एवं मर्मत संभार र संचालन सम्बन्धी तालिम उपलब्ध गराइनेछ ।

यस चरणमा मर्मत संभारको रकम संस्थालाई फिर्ता त दिइन्छ तर त्यस पछिको प्रयोग सम्वन्धमा कार्यविधि नहुँदा यसको कसरी उपयोग हुन्छ वा भइरहेको छ भन्ने कुरा अन्योल ग्रस्त नै छ । निर्माण सम्पन्न भए लगतै कुनै खास भौतिक गतिविधि नहुने र नयाँ भएकोले योजना संचालनमा पनि त्यति समस्याहरु नआउने हुनाले उनीहरु भूमिका विहिन जस्तै देखिन्छन् र जल उपभोक्ता संस्था निस्कृय वन्न जाने गरेको देखिएको छ । उपभोक्ता संस्थाको यहि निस्कृयता नै पछि योजनाको दुरावस्थाको प्रमुख कारण बन्न पुग्दछ । केहि वर्ष पछि सिंचाइ प्रणाली पुरानो र जीर्ण हुँदै जाँदा मर्मत संभारको आवश्यकता पर्ने अवस्थामा संस्थागत निरन्तरता नभएको अवस्था र कोषमा कुनै रकम पनि नहुँदा पुनः सरकार वा संस्थाहरुलाई गुहार्नु पर्ने र सहयोग नमिलेको परिस्थितिमा योजना क्षत विक्षत भई सेवा विमुख हुनु पर्ने अवस्था देखिंदै आएको छ ।

१३) **योजनावाट हुने फाइदाको अनुगमन तथा मूल्यांकनः** यस चरणमा उपभोक्ता संस्थाले सिंचाइ प्रणालीको स्वयं मूल्यांकन गर्न सक्ने गरी तालिम दिइने र उपभोक्ताले तोकिएको ढाँचाको फाराम समय समयमा भरी सिंचाइ कार्यालयमा पठाउनु पर्ने उल्लेख छ । तर व्यवहारिक रुपमा न त संस्थालाई यस प्रयोजनको लागि तालिम दिने गरिएको छ न त उपभोक्ताले योजनाबाट हुने फाइदाको अनुगमन तथा मूल्याङ्कन फरम्याट भरी पठाउने नै गरेका छन् । योजना सम्पन्न भए पश्चात् संस्था निस्कृय रहने अवस्थाले गर्दा योजनाको दीगोपनामा प्रश्नवाचक चिन्ह लाग्ने गरेको छ । मर्मत संभार कोषको रकम समेत खर्च गर्ने कार्यविधि र सदुपयोग हुने सुनिश्चित नभएको हुँदा सिंचाइ प्रणालीको निरन्तरता सन्देहपूर्ण रहेको देखिन्छ । सिंचित क्षेत्रमा कृषि उत्पादकत्व वृद्धि गर्न बाली सघनता र बाली विविधिकरण एवं कृषि प्रसारका कार्यक्रमहरु लैजान अनिवार्य भएतापनि कृषि कार्यालयको कार्यक्रम सिंचित क्षेत्रमा लक्षित हुने विशेष प्रावधान रहेको देखिंदैन । कृषि उत्पादकत्व अपेक्षित रुपमा नवढेपछि कृषकहरु निरास भई कृषि पेशावाट नै पलायन हुने र सिंचाइ प्रणालीको समेत बेवास्ता हुन गई सिंचाइमा हुने लगानी बालुवामा पानी भने झैं हुन जाने अवस्था देखिन्छ । अतः यस किसिमको समस्यावाट मुक्ति पाउनको लागि सिंचाइ प्रणालीको निर्माण सम्पन्न भए पश्चात् पनि थप एक दुई वर्षसम्म जल उपभोक्ता संस्थालाई सुदृढिकरण गर्न तथा कृषि प्रसारका कार्यक्रमहरु सुनिश्चित गरी योजनाले प्रक्षेपण गरेको अपेक्षित बाली सघनता तथा बाली उत्पादकत्वमा सकारात्मक स्थिति हासिल नहुन्जेलसम्म कार्यक्रम सहित सरकारी निकायहरुको संलग्नता रहनु आवश्यक देखिन्छ ।

समग्रमा सिंचाइ योजनाहरुको कार्यान्वयन प्रक्रिया आफैमा विस्तृत र व्यापक भएता पनि यसमा केही पक्षहरुमा थप सुधार गर्नु पर्ने देखिन्छ । उदाहरणको लागि उपभोक्ताहरुबाट माग भई आएका सिंचाइ योजनाहरुको पहिचान सर्भेक्षण भइसकेपछि कार्यान्वयनको लागि प्राथमिकीकरण गर्ने आधार र प्रक्रिया वस्तुगत रहेको छ/छैन र कुन योजना के खास कारणले कार्यान्वयनमा गयो र कुन चाहि के कारणले जान सकेन भनेर उपभोक्ताहरुलाई चित्त बुझ्दो हिसावले विश्वस्त गराउन सकिने अवस्था रहेको छैन । यसै सवाललाई आधार बनाएर सिंचाइ कार्यालय पारदर्शी भएन भन्ने आरोपहरु पनि लाग्ने गरेका छन् । यस्ता भ्रमहरुलाई चिर्न सशक्त माध्यम भनेको नै छनौटका बस्तुगत आधारहरु तयार गरी स्कोरिङ्ग गरेर सवैभन्दा धेरै अंक प्राप्त गर्ने योजनालाई कार्यान्वयनमा समावेश गर्ने । यस्तो प्रक्रियालाई कार्यान्वयन गर्न सकिएमा सही योजना छनौट हुने मात्र होइन कार्यालय प्रति लाग्ने गरेका आरोपहरु मत्थर हुनका साथै अनुपयुक्त योजना छनौटमा आउन सक्ने सम्भावित राजनैतिक दवावहरु समेत थेग्न सहज हुन्छ ।

अर्को तर्फ योजना कार्यान्वयन प्रक्रियामा नयाँ निर्माण र नवीकरण सुधारको सम्वन्धमा कुनै स्पष्ट भेद वा फरक मार्गदर्शन भएको पाइदैंन । मझौला सिंचाइ आयोजना अन्तर्गत नयाँ र नवीकरण सुधार दुवै कार्यान्वयन हुन सक्ने र कार्यान्वयन प्रक्रियामा पनि कुनै विषेश फरक नदेखिएको हुँदा यी दुबैखाले योजनाहरुलाई सिंचाइ विभागले एउटै र समान नजरले हेर्ने गरेको देखिन्छ । नवीकरण हुने योजना यदि कृषक निर्मित हो भने कृषकहरु आफैले निर्माण गरेको योजना आफै नवीकरण सुधार गर्ने क्षमता पनि राख्दछन् र केहि मात्रामा बाहिरी सहयोग जरुरी भएता पनि कुनै विशेष संरचना वा स्थानमा मात्र केही अतिरिक्त सहयोग भए पनि पर्याप्त हुन सक्छ । यसको मतलव किसान आफैले उपभोक्ता परिचालन गरी नवीकरण सुधार गर्दा थोरैमात्र खर्चले निर्माण कार्य सम्पन्न गर्न सम्भव हुन सक्छ जसवाट उपभोक्ताहरुलाई थप आत्मविश्वास, अपनत्ववोध र दीगोपनको लागि प्रेरणा मिल्न सक्छ । यसरी उपभोक्ता स्वयंको स्रोत साधन र सकृयताबाट निर्माण हुन सकेमा तत्कालका लागि जनश्रम जुट्ने मात्र होइन भविष्यमा पनि यसैगरि काम गर्नु पर्छ भन्ने स्वावलम्वी भावना समेत जागृत हुन जान्छ । तर यस्तो नवीकरण सुधार यदि सरकारी योजना मार्फत गरिने हो भने एक त उपभोक्ताहरुले जरुरी भन्दा पनि बढी कार्यहरु गराउन दवाव दिन्छन् र योजना खर्चिलो हुन्छ अर्को कुरा सरकारी योजना परेपछि आम उपभोक्ताहरुको चासो र लगाव कम हुन्छ र समितिको जिम्मामा योजना छोडिदिन्छन् । योजना समितिको सिमित व्यक्तिहरुको मात्र चासो र सरोकारको विषय जस्तो मात्र देखिन्छ र यदि समितिले पारदर्शिता र जवाफदेहिता कायम गर्न नसक्ने हो भने उपभोक्ताहरु बीच असमान्जस्यता र अविश्वास हुन गई आपसी फुट र निरासाको वातावरण समेत निर्माण हुन जाने देखिन्छ । एक पटक सरकारी योजना मार्फत नवीकरण निर्माण सम्पन्न भए पछि उपभोक्ताहरुले योजनाको नवीकरणको दायित्व सदाको लागि सरकारकै हो भन्ने बुझ्ने र पछि पछि पनि पुन सरकारले नै नवीकरण गरिदिनु पर्छ भन्ने आशा र अपेक्षा राख्ने गरेको पाइन्छ ।

अर्को तर्फ कुनै आयोजना मार्फत निर्माण भएर बसेको योजनामा नवीकरण सुधार गर्नपर्ने अवस्था आउनुमा प्राय स्वभाविक कारणहरु देखिदैंन । हरेक योजनाको शुरु निर्माण गर्दा जनसहभागिता परिचालन गर्ने, उपभोक्तालाई मर्मत संभार तथा संचालन सम्वन्धी तालिम दिने आदि गरिएकै हुन्छ । यसका अलावा मर्मत संभारको लागि आर्थिक स्रोत स्वरुप शुरुमा मर्मत सम्भार कोषमा रकम जम्मा हुने व्यवस्था मिलाइएको हुन्छ भने सिंचाइ पानी प्रयोग गरेवापत सिंचाइ सेवा शुल्क उठाई कोष वृद्धि गर्ने र उपाय समेत सुझाइएको हुन्छ । उपभोक्ता संस्थालाई निरन्तरता दिनु पर्ने तथा मर्मत संभारको लागि कम्तिमा एक जना हेरालु समेत राख्नु पर्ने कुरा सुझाइएको हुन्छ । यस्ता सवै प्रावधानहरुलाई वेवास्ता गर्दै योजना लथालिङ्ग पार्ने उपभोक्ताहरुलाई पुन नयाँ योजना सरह पूननिर्माण योजनाको स्रोत साधन छुट्याउनु राज्यको स्रोत साधनको समुचित उपयोग नहुने मात्र होइन एक पटक पनि योजना प्राप्त गर्न नसकेका नयाँ योजनाका उपभोक्ताको दृष्टिमा असमानता र सामाजिक न्यायविहिनता समेत हो ।

यसकारण नवीकरण सुधार योजनाको खास समस्या सामाजिक चेतना र जिम्मेवारी बोधमा कमी भएको हुँदा यस तर्फ विशेष कार्यक्रम संचालन गरी त्यस पछि मात्र अति आवश्यक संरचना वा कार्यको लागि मर्मत संभारको प्रक्रिया मार्फत उपभोक्ताहरुबाट धेरै भन्दा धेरै श्रमदान परिचालन गरी नवीकरण सुधारका योजनालाई अघि बढाउनु पर्ने देखिन्छ । यस्तो प्रावधानलाई लागु गर्न सकिएमा सरकारी स्रोतको समुचित उपयोग हुने मात्र होइन उपभोक्ताहरुमा जिम्मेवारीपना जागृत हुनुका साथै उपभोक्ताहरुमा योजना मोह टुट्दै जाने र नयाँ योजनाहरु निर्माणको लागि स्रोत जुटाउन समेत सहज हुने देखिन्छ ।

अन्त्यमा, उल्लेखित यस कार्यान्वयन प्रक्रिया साना, मझौला र ठूला सिंचाइ योजनाहरु समेतको लागि भनिएतापनि व्यवहारमा साना तथा मझौला सिंचाइ योजनाहरुको कार्यान्वयनमा सीमित रहेका देखिन्छ । यस प्रक्रियाले जिल्ला मार्फत

कार्यान्वयन हुने योजनाहरुलाई दिशा निर्देश गरेको देखिन्छ र हालको अवस्थामा जिल्लाहरुमा छुट्याइने स्रोत साधनको सीमितताले ठूला योजनाहरु (पहाडमा ५०० हे.देखि १००० हे. सम्म र तराईमा २००० हे. देखि ५००० हे. सम्म) जिल्ला कार्यालय मार्फत कार्यान्वयन भइरहेको वा हुन सक्ने समेत देखिदैन। अत: यस कार्यान्वयन प्रक्रियालाई साना तथा मझौला सिंचाइ योजनाहरुको कार्यान्वयन प्रक्रिया भन्नु उपयुक्त हुने देखिन्छ।

## उपसंहार

सिंचाइ क्षेत्रको विकासको लागि सिंचाइ विभागले विभिन्न समयमा आवश्यक कार्यविधिहरु, नर्मस तथा निर्देशिकाहरु तयार गरी जारी गर्ने गरेको छ। यस प्रयासमा अझै थप केही कार्यविधि तथा मार्गदर्शनहरु निर्माण गर्न तथा भइरहेकालाई पनि समय सापेक्ष अद्यावधिक गर्नु पर्ने देखिएको छ। सिंचाइ योजना निर्माणको गुणस्तरीयता तथा निर्माण पश्चात्‌को दीगोपना वृद्धि गर्न अझै थप सुधार र प्रयासहरु हुनु जरुरी देखिएको अवस्थामा मुलुक संघियताको संघारमा उभिँदा साविकको प्रक्रिया, पद्धति तथा प्रविधिको स्तरीयतालाई कायम राखि इन्जिनियरिङ्ग व्यवसायिक दक्षता अभिवृद्धि गर्दै जाने कार्य चुनौतिपूर्ण देखिएको छ।

*श्री रिजाल सिंचाइ विकास डिभिजन कार्यालय, दोलखाका डिभिजन प्रमुख हुनुहुन्छ।

Call for papers of Department of Irrigation (DoI) National Irrigation Seminar on "**Water Resources Development and Management in Federal Nepal; Challenges and Opportunities**"

The Department of Irrigation (DoI) is organizing a National Irrigation Seminar on "**Water Resources Development and Management in Federal Nepal; Challenges and Opportunities**". Its main objective is to provide a common platform for participants to share experiences, lesson learned and discussion on issues, challenges and opportunities related to water resources development and management. Department of Irrigation calls paper from experts and professionals related to this field. Papers are expected on one of the following sub-themes.

### Seminar Sub-themes:

1. Water Resources Development: Socio-Political Challenges and Opportunities in the context of Federal Nepal
2. Inter-Basin Water Transfer Multipurpose Projects for Sustainable Irrigation Development in present Federal Structure of Nation.
3. Sustainability Issues of Irrigation Development and Management in Federal Nepal
4. Socio-Economic and Socio-Political Aspects of Irrigation in Local Level
5. Impact of Climate Change on Overall Irrigation System in Nepal
6. Role of Cooperatives in Irrigation Development and Management in Federal Nepal
7. Human Resource Development and Management in Water Resource Sector in Federal Nepal
8. Scope of Public Private Partnership for Sustainable Development of Water Resources Projects in Nepal
9. Experience, Challenges and Way forward for Promoting Irrigation Management Transfer Program
10. Participatory Irrigation Management: Stakeholders coordination Approach for Improved Efficiency
11. Water, Energy and Food Nexus: An Integrated Approach for Sustainable Development
12. Small Scale Irrigation: Experience, Challenges, Opportunities and Pathways
13. Sustainable Ground Water Irrigation in Terai and Hills of Nepal
14. Water Management and Modern Irrigation Technologies

### Schedule for paper submissions:

- Abstract Submission: 6th Falgun, 2074 (18th February, 2018)
- Submission of full text paper: 30th Falgun, 2074 (14th March, 2018)
- Notification of Abstract Selection: 13th Falgun, 2074 (25th February, 2018)
- Date of Seminar: 7-8 Chaitra, 2074 (21st -22nd March, 2018)

The abstract should not be more than 250 words and should contain all the features of the main paper in the brief. All abstract submission will be peer reviewed and evaluated based on originality, technical content and relevance. The accepted full paper will be published in the Seminar Proceeding of DoI.

**For technical guidelines and other information, please contact**

**Er. Bashu Dev Lohanee, Ph no: 9841277760, email:lohanibasu@yahoo.com, Er. Umesh Sujakhu; Ph no: 9841835927, email:umesh_sujakhu@hotmail.com, Er. Sanchita Kaduwal; Ph no: 9803326675, email: san.kaduwal@gmail.com and Sub-Engineer Tez Bahadur Chand; Ph no: 9849136891, email: teju3442@gmail.com**

श्री ____________________

____________________

____________________

____________________

**सिंचाइ व्यवस्थापन महाशाखा**
**पोष्ट बक्स २०५५**
**जावलाखेल, ललितपुर, नेपाल**